# आलिताल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### शिक्षा, युवा तथा खेलकुद शाखा

भीमदत्तपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश
नेपाल

पत्र संख्या : २०७८/०७९
चलानी नम्बरः

मितिः २०७८/०७/२९

**विषयः विद्यालय क्षेत्र विकास कार्यक्रमको क्रियाकलापका लागि माग पेश गर्ने सम्बन्धी सूचना !**

प्रस्तुत विषय सम्बन्धमा यस कार्यालयको आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयहरुमा तपसिलका क्रियाकलापहरु सञ्चालन गर्नका लागि विद्यालय छनौट गर्नु पर्ने भएकाले मिति २०७८।०८।१३ सम्म कार्यालय समय भित्र सम्बन्धित वडाको सिफारिस सहित यस कार्यालयको शिक्षा, युवा तथा खेलकूद शाखामा माग पेश गर्नुहुन सम्वन्धित सबै सामुदायिक विद्यालयहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क्र.स. | क्रियाकलापहरु | संलग्न गर्नु पर्ने कागजातहरु |
|---|---|---|
| १. | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान | • अनुदान मागका लागि विद्यालयको पत्र।<br>• विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि।<br>• अनुदान मागका लागि यस अघि जि.शि.का. डडेल्धुरा, प्रदेश सरकार वा अन्य सरकारी तथा गैरसरकारी निकायबाट हाल माग गरेको प्रकृतिको कार्यक्रम प्राप्त नगरेको व्यहोरा पत्र।<br>• पुस्तकालय/ICT/विज्ञान प्रयोगशाला जुन कार्यका लागि अनुदान माग गरेको हो त्यसको स्थापनाका लागि आवश्यक कक्षाकोठा भई उक्त कक्षाकोठामा सम्बन्धित कार्यक्रम स्थापनाका लागि नमुना विद्यालय सञ्चालन निर्देशिका २०७४ को सम्बन्धित खण्ड र अनुसुचीमा भएको आधार तथा स्पेसिफिकेशनको परिधिभित्र रहेर सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलतित कानुन अनुसारका प्रक्रियाहरु पुरा गरि सामग्री खरिद तथा व्यवस्थापन गर्ने कार्ययोजना सहित उल्लेख गरेर तयार पारिएको प्रस्तावना पत्र।<br>• सम्बन्धित वडाको सिफारिस पत्र।<br>• **माध्यमिक तहमा पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदानका लागि आधारभूत तह (कक्षा ६-८) सञ्चालित विद्यालयहरुले पनि माग गर्न सक्नेछन्।** |
| २. | शिक्षण सिकाईमा सूचना प्रविधि (ICT) को प्रयोगका लागि अनुदान | |
| ३. | माध्यमिक विद्यालयमा विज्ञान प्रयोशाला अनुदान | |

भोज बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

# आलिताल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### शिक्षा, युवा तथा खेलकुद शाखा

भीमदत्तपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश
नेपाल

पत्र संख्या : २०७८/०७९
चलानी नम्बरः

| | | |
|---|---|---|
| ४. | गणित, विज्ञान र अङ्ग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामाग्री (kits) अनुदान (कक्षा ६-८) | • अनुदान मागका लागि विद्यालयको पत्र ।<br>• विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि<br>• विद्यालयले पाठ्यक्रम विकास केन्द्रवाट विकास एवम् स्वीकृत भएका गणित, विज्ञान र अङ्ग्रेजी विषयका सामाग्रीहरु व्यवस्थापन गरी विद्यार्थीहरुको सिकाइ क्रियाकलापमा सहजीकरण गर्नका लागि प्रस्तावना पत्र ।<br>• सम्बन्धित वडाको सिफारिस पत्र । |
| ५. | तोकिएको सूचकाङ्कका आधारमा कार्य सम्पादन गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान | • अनुदान मागका लागि विद्यालयको पत्र ।<br>• विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि<br>• विद्यालयको स्वमूल्याङ्कन अङ्क भरी प्रधानाधापकद्धारा प्रमाणित गरिएको विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को अनुसुची-३ मा उल्लेखित कार्यसम्पादन मूल्याङ्कन फारम ।<br>• सम्बन्धित वडाको सिफारिस पत्र । |

भोज बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री सूचना प्रविधि शाखाः website मा upload गरी दिनुहुन ।



Scanned with CamScanner